# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, चैत २८ गते, २०८१ साल (सङ्ख्या १६


## भाग २

### गण्डकी प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

### गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली,२०८१

**प्रस्तावना:** गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली,२०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा २२१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस नियमावलीको नाम "गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० को नियम ८ मा संशोधनः**</u> गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को उपनियम (२) झिकिएको छ।

३. <u>**मूल नियमावलीको नियम १० मा संशोधनः**</u> मूल नियमावलीको नियम १० को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "निजी सवारीको हकमा पच्चीस वर्षसम्म" भन्ने शब्दहरु झिकिएको छ।

४. <u>**मूल नियमावलीको नियम ११ मा संशोधनः**</u> मूल नियमावलीको नियम ११ को,-

१. उपनियम (१) मा रहेको "निजी सवारी पच्चीस वर्ष" भन्ने शब्दहरु झिकिएको छ।

२. उपनियम (३) मा रहेको "निजी सवारी भए पच्चीस वर्ष" भन्ने शब्दहरु झिकिएको छ।

५. <u>**मूल नियमावलीको नियम १०१ मा संशोधनः**</u> मूल नियमावलीको नियम १०१ को सट्टा देहायको नियम १०१ राखिएको छ।

"**१०१.** <u>**कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेः**</u> (१) ऐन तथा यस नियमावली बमोजिम प्रदेश सरकारले कार्यविधि तथा निर्देशिका बनाइ लागु गर्न सक्नेछ।

(२) ऐनको उद्देश्य कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड बनाई लागु गर्न सक्नेछ।"

आज्ञाले,
ई. कमल कुमार अधिकारी
प्रदेश सरकारको सचिव ।

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.५०।-